# गुराँस गाउँपालिका

# गाउँसभाको १६ औं अधिवेशनमा

## गाउँपालिका उपाध्यक्ष श्री शिवा कुमारी खड्का द्वारा

## आर्थिक वर्ष २०८२/०८३ को

# बजेट बक्तव्य

## गुराँस गाउँपालिका

रानीमत्ता, दैलेख

१० आषाढ, २०८२

गाउँ सभा अध्यक्ष्य ज्यू,

तथा गाउँ सभाका सदस्य ज्यू हरु,

१. *सुख, समृद्धिका लागि शासकीय सुधार : हातेमालो गरी फेरौं गुराँसको मुहार* भन्ने दिर्घकालीन लक्ष्य प्राप्तिका लागि, बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक तथा गाउँपालिका उपाध्यक्षको हैसियतले गुराँस गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट बक्तव्य प्रस्तुत गर्न पाउँदा म साह्रै उत्साहित भएको छु, साथै स्रोत साधनको सीमितताको कारण जनताका असिम आशा तथा आकांक्षाहरु पूरा गर्नुपर्ने चुनौतिको महसुस गरेको छु ।

२. आगामी आर्थिक वर्षको बजेट तय गर्दा नेपालको संविधानको मर्म एवं निर्देशक सिद्धान्तहरु, दिगो विकासका लक्ष्यहरु, संघीय र प्रादेशिक तहबाट जारी गरिएका योजनाका आधारपत्र, चुनावी घोषणापत्र साथै जनताका माग अपेक्षा, विज्ञ तथा सरोकारवालाहरुको सुझाव र आन्तरिक राजश्व क्षमतालाई ग्रहण गरिएको छ ।

३. लोकतन्त्रको स्थापना, राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, जनजीविकाको आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

**श्रीमान सभाध्यक्ष महोदय,**

**श्री सभा सदस्य ज्युहरु,**

अव म गत आ.व. २०८०/०८१ को वित्तीय प्रगतिको यथार्थ विवरण पेश गर्ने अनुमति चाहान्छु ।

*गत आ. व. २०८०/८१ को यथार्थ*

४. गत आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म जम्मा विनियोजित बजेट ६५ करोड ९७ लाख २१ हजार ४८० मध्ये चालु खर्च ८६.७६ प्रतिशत, पूँजीगत खर्च ७२.२२ प्रतिशत र समग्रमा ८३.७२ प्रतिशत खर्च भएको छ ।त्यसैगरी गाउँपालिकाको आन्तरिक राजश्व रु. १ करोड १४ लाख ५१ हजार ७ सय ५८ रुपैयाँ र पैशा ६९ सङ्कलन भएको छ ।विषय क्षेत्रगत रुपमा आर्थिक विकास तर्फ ६३.८४%, सामाजिक विकास तर्फ८९.७७%, पुर्वाधार विकास तर्फ७४.०८%, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ ८७.९४% र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र तर्फ ८१.७८% खर्च भएको छ ।

श्रीमान सभाध्यक्ष महोदय,

श्री सभा सदस्य ज्युहरु,

अब म  चालु आ.व. २०८१/०८२ को वित्तीय प्रगतिको समिक्षात्मक विवरण पेश गर्ने अनुमति चाहान्छु ।

*चालु आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमको समिक्षा*

५. चालु आर्थिक वर्ष २०८१/८२ को ज्येष्ठ मसान्तसम्म विनियोजित बजेट ६७ करोड ९० लाख ७४ हजार मध्ये चालु खर्च ७२.२३ प्रतिशत पूँजीगत खर्च ३१.४३ प्रतिशत र समग्रमा वित्तीय प्रगति ६१.३९ प्रतिशत भएको छ ।त्यसैगरी गाउँपालिकाको आन्तरिक राजश्व रु. ७४ लाख ७६ हजार ४ सय ३६ रुपैयाँ र पैशा ९९ रहेको छ ।विषय क्षेत्रगत रुपमा आर्थिक विकास तर्फ ३३.४५% सामाजिक विकास तर्फ ७४.४५% पुर्वाधार विकास तर्फ ३१.३४% सुशासन तथा संस्थागत विकास तर्फ ४२.१०% खर्च भएको छ ।

**विषय क्षेत्रगत उपलब्धी तथा परीणाम**

६. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम साथै अन्य सरकारी साझेदारी निकाय अन्तर्गत औसत ३५० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्।उक्त कार्यक्रमबाट पक्की सिँचाई पोखरी ६० वटा, पक्की सिचाई कुलो ५५० मिटर साथै भकारो  सुधार १२० वटा, विभिन्न कृषि सडकमा ५०० भन्दा बढी ग्याभिन जालि हालिएको छ ।यसै गरी खानेपानी टङ्की तथा २५ सय मिटर पाइपलाईन विस्तार गरिएको छ ।सामुदायिक भवन १ वटा रष्ट्रिक स्टोर २ वटा निर्माण गरिएको छ ।

७. कृषि तथा पशुपंक्षी तर्फ, मकैको बिउ अनुदानमा वितरण वडा नं १, २ र ३ का ७५ किसान लाभान्वित भएका छन्। कृषि प्रसार खाद्य सुरक्षा र पोषण सुधार कार्यक्रम अन्तर्गत गाउँपालिकाका ८ वटै वडाका ३०० कृषक परीवारलाई तरकारीको बीउ वितरण गरिएको छ। "घर घरको शान कृषि बगैंचा पहिचान" कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा ७ कृषि समूह र ४५ कृषक परीवारले दाँते ओखर कलमी आरु र किविका बिरुवा प्राप्त गरेका छन् । कृषि अनुसन्धान केन्द्रमा सुन्तलाको बिरुवा उत्पादन गरिएको छ । घुम्ती पशुपंक्षी स्वास्थ्य शिविर सञ्चालन कार्यक्रमबाट ८७३जना किसान लाभान्वित भएका छन् ।रेबिज नियन्त्रण कार्यक्रम अन्तरगत ६७० कुकुरहरुमा रेबिज विरुद्धको खोप लगाइएको छ ।गाई भैंसी लगायतका पशुहरुमा कृत्रिम गर्भाधान कार्यक्रमले सफलता पाएको छ ।

८. न्यायिक समिति : चालु आ. व. को जेठ मसान्तसम्म ९ वटा उजूरी परेकोमा ८ वटा फछ्र्यौट भएको तथा १ वटा उजुरी माथिल्लो न्यायिक निकायमा पठाइएको छ ।

९. पूर्वाधार विकास : एक घर एक धारा खानेपानी तर्फ गुराँस सरकार र विभिन्न साझेदारी निकायको सहयोगबाट ४८० धारा निर्माण गरिएको छ । गुराँस गाउँपालिकाका विभिन्न वडा अन्तर्गत रहेका ३० किलोमिटर सडकको स्तरोन्नति गरिएको छ साथै ३ किलोमिटर पक्की नाली निर्माण, ३०० मिटर आर सि सि ढलान निर्माण गरिएको छ ।विभिन्न विद्यालय क्याम्पस सामुदायिक पक्की भवन गरी ६ वटा भवन निर्माण गरिएको छ ।एक वटा व्यववस्थित कभर्ड हल निर्माण गरिएको छ ।गुराँस गौरव मार्ग अन्तर्गत घुम्ने डाँडामा विगत ५ वर्षदेखी अवरुद्ध सडक सुचारु गरिएको छ ।यसैगरी विभिन्न कृषि सडकहरु १० किलोमिटर नयाँ निर्माण गरिएको छ ।गुराँस गाउँपालिका र अन्य साझेदारी निकायको सहयोगमा ६५० मिटर पक्की सिचाई कुलो निर्माण गरिएको छ ।

१०. सूचना प्रविधि तथा सुशासन क्षेत्र : अनलाइन सिफारिश प्रणाली योजना व्यवस्थापन प्रणाली प्रयोगमा ल्याइएको छ। नमस्ते गुराँस नामक अनलाईन सुझाव तथा गुनासो सङ्कलन तथा सम्पादन प्रणाली प्रयोगमा ल्याइएको छ । सरल र सहज इन्टरनेटको पहुँचको लागि विस्तृत सर्वे र पालिकाको भूभागभर अप्टिकल फाइबर सहितको इन्टरनेटको पहुँचको लागि नेपाल टेलीकमसंग सम्झौता तथा सहकार्य भएको छ ।केन्द्रिकृत एस.एम.एस गेटवे सञ्चालनमा ल्याइएको छ ।

११. भूमी सम्बन्धी समस्या समाधान तर्फ २५२ घरधुरीको लगत सङ्कलन भएकोमा १५२ दर्ता भएको छ।

१२. शिक्षा तथा शैक्षिक क्षेत्र सुधार तर्फ, गुराँस गाउँपालिकाभर जम्मा ४५ वटा विद्यालयमा २३१ स्थायी शिक्षक, पालिकाको व्यवस्थापनबाट ४३ जना गरी जम्मा २७४ शिक्षकहरु कार्यरत रहेका छन् भने, ५हजार १ सय २१ जना विद्यार्थी अध्ययनरत छन् । स्थानीय पाठ्यक्रम निर्माण, ५ वर्षे शैक्षिक योजना, शैक्षिक क्यालेन्डर निर्माण लगायतका कार्य सम्पन्न भएका छन् । २ वटा विद्यालयको तह मिलान गरिएको छ भने, एक विद्यालय मर्ज गर्ने कार्य सम्पन्न भएको छ ।

१३. स्वास्थ्य सेवा : जेष्ठ नागरिकका लागि आँखा शिविर कार्यक्रममा ७५१ जना लाभान्वित भएका छन् ।७० जना महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिएको

छ। पूर्ण खोप सुनिश्चितताको लागि घरधुरी सर्वेक्षण कार्यक्रम सम्पन्न भएको छ। बर्थिङ स्न्टरमा सुत्केरी हुने आमाहरुको संख्या १५२ जना रहेको छ। मानसिक रोग संग सम्बन्धित स्वास्थ्य शिविर सञ्चालन, जसमा ९९ जना को स्वास्थ्य चेकजाँच गरियो । गर्भवतीहरुका लागि निःशुल्क ग्रामीण अल्ट्रा साउण्ड शिविर सबै वडाका स्वास्थ्य संस्थाहरुबाट सुरुवात गरिएको छ । पोषण मैत्री वडा घोषणाका लागि वडा छनौटको कार्य सम्पन्न भयो । सबै स्वास्थ्य संस्थाहरुमा अनलाइन स्वास्थ्य सूचना EHMIS प्रणाली सञ्चालनमा रहेको छ । नागरिकहरुका लागि एम्बुलेन्स सेवा सञ्चालनमा रहेको छ।

१४. चालु आ.व. मा तय गरिएका कार्यक्रमहरु मध्ये अधिकांश कार्यक्रमहरु सम्पन्न हुने स्थितिमा छन् यद्यपि कार्यक्रमहरु समयमै सम्पन्न नहुनुमा समयमा बजेट निकासा नहुनु लगायतका स्रोत साधनगत तगाराहरु विद्यमान रहेको व्यहोरा सर्वविदितै छ ।

**श्रीमान सभाध्यक्ष महोदय,**

**श्री सभा सदस्य ज्युहरु,**

अब म आगामी आ व २०८१/०८२ को सोच लक्ष्य उद्देश्य तथा अपेक्षित उपलब्धी को खाका पेश गर्ने अनुमति चाहान्छु

*सोच लक्ष्य उद्देश्य र अपेक्षित उपलब्धि*

१५. सोच : समृद्ध, समुन्नत, प्रविधिमैत्री र पर्यटनमैत्री गाउँपालिकाको निर्माण गर्ने ।

१६. लक्ष्य : आर्थिक, भौतिक, सूचना प्रविधि र पर्यटन पूर्वाधार विकास गर्दै समृद्ध, समुन्नत र आत्मनिर्भर गाउँपालिकाको निर्माण गर्ने ।

१७. उद्देश्य तथा अपेक्षित उपलब्धि

क. किसानको हक हित संरक्षण संबर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भुउपयोग नीतिको अवलम्बन गरी कृषिको व्यवसायीकरण विविधिकरण र बजारीकरण गरी कृषकको अवस्था समुन्नत र पेशा सम्मानजनक बनाउने ।

ख. आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता जवाफदेहीता र प्रतिस्पर्धाको प्रबर्द्धन गर्ने ।

ग. विकासका गतिविधिमा गुराँसका जनताको श्रम सीप र स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्ने ।

घ. स्वास्थ्यमा पूर्ण खोप सुनिश्चितता घरदैलो सेवा सुलभ र सुरक्षित मातृत्व सेवा लगायतको कार्यक्रम मार्फत समग्र गुराँसका जनतामा आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति दिलाउने ।

ङ. गाउँपालिकाका सामाजिक साँस्कृतिक धार्मिक सम्पदा र असल संस्कारको संरक्षण र प्रबर्द्धन मार्फत् धार्मिक साँस्कृतिक पर्यटनको विकास गर्ने ।

च. गरिबीको अन्त्य र पीछडिएको क्षेत्र वर्ग र समुदायको उत्थान गर्ने ।

छ. शिक्षालाई वैज्ञानिक व्यवहारिक तथा प्रविधिमैत्री बनाई सक्षम जनशक्ति निर्माणको आधार तयार गर्ने ।

ज. विधिको शासन सार्वजनिक सेवालाई प्रभावकारी जवाफदेही जनमुखी छिटो छरितो र कम लागतमा उपलब्ध गराउने ।

झ. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो बनाउन गुराँस गाउपालिका का आठै वडा लाई सूचना प्रविधिको गुणस्तरीय पहुँचयुक्त बनाउने ।

ञ. आकस्मिक रुपमा आइपर्ने संकट विपद र प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी गर्ने र राहत तथा पुनर्स्थापनाको लागि पालिकालाई सक्षम बनाउने ।

**श्रीमान सभाध्यक्ष महोदय,**

**श्री सभा सदस्य ज्युहरु,**

अब म आगामी आ. व. २०८२/०८३ अनुमानित व्यय र स्रोत व्यवस्थापनको खाका पेश गर्ने अनुमति चाहान्छु ।

१८. अनुमानित व्यय तथा स्रोत व्यवस्थापन

| आगामी आर्थिक वर्ष २०८२/८३ को अनुमानित बजेटको सीमा | |
|---|---|
| क. संघीय सरकार | |
| वित्तीय समानीकरण | रु. ९ करोड ३७ लाख |
| सशर्त अनुदान | रु. २९ करोड ६० लाख |
| राजश्व बाँडफाँड | रु. ९ करोड २३ लाख ४३ हजार ३ सय २१ |
| समपूरक अनुदान | रु. ९१ लाख |
| विशेष अनुदान | रु. ५५ लाख |
| *जम्मा (क )* | *रु. ४९ करोड ६६ लाख ४३ हजार ३ सय २१* |
| ख. प्रदेश सरकार | |
| वित्तीय समानीकरण | रु. १ करोड १७ लाख ४३ हजार |
| राजश्व बाँडफाँड | रु. २१ लाख २ हजार ६ सय ३४ र पैशा २४ |
| सशर्त अनुदान | रु. ३ करोड ४ लाख ८६ हजार |
| विशेष अनुदान | रु. ० |
| समपूरक अनुदान | रु. ० |
| *जम्मा (ख)* | *रु. ४ करोड ४३ लाख ३१ हजार ६ सय ३४ र पैशा २४* |
| ग. गाउँपालिका | |
| आन्तरिक आय | रु. २ करोड १२ लाख ७० हजार |
| अ.ल्या. | रु. ५० लाख |
| LISP साझेदारी | रु. २ करोड ३९ लाख |
| विकास साझेदारी संस्था | रु. ३ करोड ५० लाख |
| *जम्मा (ग )* | *रु. ८ करोड ५१ लाख ७० हजार* |
| घ. सामाजिक सुरक्षा | रु. ११ करोड |
| कूल जम्मा | रु. ७३ करोड ६१ लाख ४४ हजार ९ सय ५५ र पैशा २४ |

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान मा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यवस्थापकीय, कार्यपालिकीय तथा न्यायिक अधिकार कार्यान्वयनको अभ्यास गर्दै चालु आर्थिक वर्षको बजेट बक्तव्य सफल पार्न सहयोग पुऱ्याएर, आगामी आर्थिक वर्षको बजेट यस सम्मानित सभामा प्रस्तुत गर्ने सुअवसर प्रदान गर्नुभएकोमा गाउँसभाका अध्यक्ष महोदय, सम्पूर्ण सदस्यज्यूहरु, गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक तथा बुद्धिजीवि, नागरिक समाज, संचार जगत तथा सम्पूर्ण सरोकारवालाहरु प्रति आभार व्यक्त गर्दै हाम्रो सरकारले अङ्गिकार गरेको सुख, समृद्धिका लागि शासकीय सुधार : हातेमालो गरी फेरौं गुराँसको मुहार भन्ने नारालाई साकार पार्न यहाँहरु सबैको साथ र सुझावको अपेक्षा राखेको छु।

**धन्यवाद !**